# समाज विकास केन्द्रको
# विधान २०५७
# संसोधन २०६४ सहित

## समाज विकास केन्द्र (सोडेक)

खादवारी, संखुवासभा

फोन ०२९ ५६००६२/५६०१६२

इमेल sodec@ntc.net.np

जि.प्र.का.द.नं. १९५/०५६/५७

स.क.प.द.नं. ११००६
फोन नं. ०२९-५-६०
E-mail: sodec@ntc.ne

# समाज विकास केन्द्र (सोडेक)

खाँदबारी, संखुवा-सभा
स्था. – २०५७

# SOCIETY DEVELOPMENT CENTRE SODEC

KHANDBARI, SANKHUWASABHA
ESTD. 2057

च.नं. १५१/०६४.

मिति : २०६३/१२/२७

विषय : संसोधित विधान स्वीकृत सम्वन्धमा ।

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रसाशन कार्यालय,
खाँदबारी, संखुवासभा

प्रस्तुत विषयमा समाज बिकास केन्द्र (सोडेक) को विधान २०५७ को विभिन्न परिच्छेद तथा दफाहरुमा समय सापेक्ष र आवस्यकता अनुसार संस्थाको तेस्रो र छैटौं साधारण सभाबाट संसोधन गरीएको र सो संसोधित विधान स्वीकृत गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

टीकाराम गुरुङ्ग
अध्यक्ष

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

संखुवा-सभा

प.सं.
च.नं. २१८१

कोशी अञ्चल, नेपाल
मिति २०६४/०१/०७

विषय :- संशोधित विधान स्वीकृत गरिएको ।

श्री समाज विकास केन्द्र (सोडेक)
खाँदबारी, संखुवासभा ।

त्यस केन्द्रको च.नं. १९१ मिति २०६३।१२।२७ को पत्र साथ संलग्न संशोधित विधान विधानको परिच्छेद ७ दफा ७.४ बमोजिम २०६४।१।७ गतेदेखि लागू हुने गरी स्वीकृत गरिएको व्यहोरा अनुरोध छ ।

(मुकुन्द अधिकारी)
प्रमुख जिल्ला अधिकारी

# समाज विकास केन्द्रको विधान, २०५७

**प्रस्तावना**

मानवीय एकता, प्रेम, सामाजिक सद्भाव, मानवीय श्रोतको पहिचान र एक आपसको सहयोगद्वारा आर्थिक, सामाजिक र बौद्धिक विपन्नताबाट समाजलाई मुक्ति दिलाउने, ज्ञान, सीप विज्ञानको बिकास गर्ने, खेर गइरहेको मानवीय पूँजि र साधनलाई सही रुपले संचालन गर्ने, स्वावलम्बि, स्वाभिमानी उन्नत परिश्रमी जनशक्तिको पहिचान र निर्माण गर्ने, इमान्दारितामा विश्वास राख्ने, कर्मठ, देशभक्त तथा उद्यमी समाजको विकास गर्ने कार्यमा सहयोग पुऱ्याइ समाजमा विधमान शोषण, अन्धविश्वास, कुरीति, रुढीवादीता जस्ता विकृतिबाट छुटकारा पाउनको लागि सबै तहको समाजलाई स्वस्फूर्तरुपमा लाग्नको लागि प्रेरणा जगाउने उद्देश्यले नेपाली नागरिकहरुको सहभागितामा राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउनको लागि गैहसरकारी संगठनको माध्यमबाट स्वतन्त्ररुपले देश तथा विश्वमा सेवा गर्ने हेतुले एउटा समाज विकास केन्द्र सेवा मुलक संस्था संचालन गर्नको निमित्त यो विधान बनाइएको छ ।

## परिच्छेद १

१.१ क) यो विधानको नाम "समाज विकास केन्द्र, २०५७ " को विधान रहने छ ।

ख) यो संस्थाको नाम "समाज विकास केन्द्र" रहने छ ।

१. अंग्रेजी भाषामा Society Development Center रहने छ ।

२. छोटकरीमा नेपालीमा " समाज विकास" र अंग्रेजीमा "SODEC" हुनेछ ।

ग) जिल्ला प्रशासन कार्यालय संखुवासभाबाट यो संस्था स्वीकृत भएको मितिदेखि यो विधान प्रारम्भ हुनेछ ।

**१.२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क) "संस्था" भन्नाले "समाज विकास केन्द्र" लाई बुझ्नु पर्नेछ ।

ख) "विधान" भन्नाले "समाज विकास केन्द्र, २०५७ " को विधानलाई सम्झनु पर्नेछ ।

ग) "स्थानीय अधिकारी " भन्नाले "प्रमुख जिल्ला अधिकारी" लाई सम्झनु पर्नेछ ।

घ) " पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष , सचिव , कोषाध्यक्ष र प्रबन्ध समितिको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

च) "सल्लाहकार " भन्नाले परिच्छेद ५ को दफा ५.१ को खण्ड च बमोजिम काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

छ) "संरक्षक" भन्नाले परिच्छेद ५ को दफा ५.१ को खण्ड छ बमोजिम काम गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

१.३ संगठित संस्था

यो संस्था अविछिन्न उत्तराधिकारीवाला एक संगठित संस्था हुनेछ। यस संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, राख्न, विक्रि गर्न र दान-दातव्य गर्न सक्नेछ।

१.४ संस्थाको चिन्ह र छाप

यस संस्थाको चिन्ह अनुसूची २ मा भएबमोजिम हुनेछ र "समाज विकास केन्द्र २०५७" भएको गोलाकार छाप हुनेछ।

१.५ संस्थाको कार्यालय

क) समाज विकास केन्द्रको केन्द्रीय कार्यालय संखुवासभा जिल्लाको खाँदबारीमा रहने छ।

ख) आवश्यकता अनुसार अन्य अंचल र जिल्लाहरुमा पनि स्थानीय अधिकारीको स्विकृति लिई शाखा वा उप-शाखाको कार्यालयहरु खोल्न सकिनेछ। यसका आवश्यक प्रकिया पूरा गरिनेछन्।

१.६ कार्य क्षेत्र

समाज विकास केन्द्रको कार्यक्षेत्र विपन्न घर परिवार, बस्तीहरु, दुर्गम भेग , तराई, पहाड,हिमाली भेग र मुलुकको जुन सुकै ठाउँहरुमा पनि हुन सक्नेछ। यस संस्थाले आर्जेको ज्ञान र अनुभवद्धारा मुलुक बाहिरको ठाउँहरुमा पनि कार्य गर्न सक्नेछ।

## परिच्छेद २

२.१ उद्देश्यहरु

प्रचलित ऐन तथा नेपाल सरकारको नीति नियमको अधिनमा रही सम्बन्धित क्षेत्रको विकास कार्यहरुसँग समन्वय राखी विकास निर्माण तथा समाज कल्याणका कार्यक्रमहरु सञ्चालन गर्न यस संस्थाको निम्न उद्देश्यहरु रहने छन् :

क) ग्रामिण गरिब जनताहरुको आर्थिक संभावनाको पहिचान गर्ने र त्यसको दीगो उपयोग गर्ने योजना बनाउन सहयोग गर्नु।

ख) आर्थिक विकासका कार्यहरुलाई टेवा पुऱ्याउन आवश्यक पर्ने भौतिक र संस्थागत पूर्वाधारहरु निर्माण गर्नु।

ग) समुदायमा आधारित संगठनहरुको निर्माण र शसक्तिकरण गर्नु, जसबाट उनीहरुले उनीहरुको अधिकार, विकासका श्रोत र अवसरहरुलाई लिन र उपयोग गर्न सक्षम बनाउनु।

घ) विकाससँग संवद्ध संघसंस्थाहरु बीच समन्वय र संबन्ध निर्माण गरी परिचालन गर्नु।

ङ) गरिब र पिछडिएका जनताहरुको स्वस्थ्य र शिक्षाको स्तर उकास्न आवश्यक सहयोग गर्नु।

च) समुदायलाई वन व्यवस्थापन र यसको दीगो उपयोगको लागि सहयोग गर्नु।

छ) पर्यटन प्रवर्धन गर्नु ।

ज) शान्ति, मेलमिलाप, सामाजिक विकास, मानवअधिकार तथा वातावरणको क्षेत्रमा काम गर्नु ।

झ) स्थानीय तहको मानवीय संसाधन विकासको लागि सहयोग गर्नु ।

ञ) विकासका संभावनाहरु पहिल्याउन अध्ययन अनुसंधान गर्नु ।

ट) बाटो, पुल, सिचाई, खानेपानी, लघु जलविद्युत जस्ता भौतिक पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्नु ।

## परिच्छेद -३

**३.१ सदस्यताको प्रकार**

यस समाज विकास केन्द्रमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

क) साधारण सदस्य
ख) आजीवन सदस्य
ग) संस्थापक सदस्य

**३.२ सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधि**

क) साधारण सदस्यता प्राप्त गर्न रु. २०१/- र निवेदन पेश गर्नु पर्नेछ । प्रत्येक वर्ष रु. १०१/- शुल्क बुझाई सदस्यता नविकरण गर्नुपर्नेछ । आजीवन सदस्य बन्नको लागि एकमुष्ट रु. २००१/- शुल्क बुझाउनु पर्नेछ । सदस्यता शुल्क सधारणसभाले आवश्यकता अनुसार थपघट गर्न सक्ने छ ।

ख) ग्रामीण विपन्नताको बारेमा खोज कार्यमा संलग्न रहदै आएको दक्ष प्रतिष्ठित व्यक्तिलाई संस्थाको उद्देश्य प्राप्तिमा योगदान पुऱ्याईदिए बापत साधारणसभाबाट पारित गरी मानार्थ सदस्यता प्रदान गरिने छ । तर मानार्थ सदस्यलाई मतदानको अधिकार रहने छैन ।

ग) विधानको धारा ३.३ बमोजिम योग्यता भएको व्यक्तिलाई प्रवन्ध समितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

घ) यस संस्थाको स्थापना गर्नुहुने अनुसूचि १ मा उल्लेखित व्यक्तिहरुलाई संस्थापक सदस्यता प्रदान गरिने छ ।

**३.३ सदस्यको लागि योग्यता**

यस संस्थामा सदस्य बन्नको लागि :

क) नेपाली नागारिक हुनु पर्नेछ ।

ख) १८ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।

ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनु पर्नेछ ।

घ) यस संस्थाको उद्देश्य प्राप्तिको लागि कटिबद्ध एवं सहयोगी हुनुपर्नेछ ।

**३.४ सदस्यताको लागि अयोग्यता**

गैर नेपाली नागरिक, संस्थाको उद्देश्य विपरित कार्यमा सम्लग्न रहेको, मानसिक सन्तुलन ठीक नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका व्यक्तिहरु यस संस्थाका सदस्य रहने छैनन् ।

**३.५ सदस्यता समाप्त हुने अवस्था**

क) अध्यक्ष समक्ष दिइएको लिखित राजिनामा प्रबन्ध समितिबाट स्वीकृत भएमा ।

ख) सदस्यले संस्थाका उद्देश्य र हित विपरित काम गरेको भनी प्रबन्ध समितिले अनुशासनको कारबाही गरी पेश गरेको प्रतिवेदन साधारणसभाबाट अनुमोदन भएमा ।

ग) विधानको दफा ३.४ बमोजिमको अवस्था भएमा ।

घ) कुनै सदस्य कुनै सूचना नदिई लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

ङ) प्रत्येक वर्ष साधरण सदस्यता नविकरण नगरेमा ।

## परिच्छेद - ४

**४.१ साधारण सभाको गठन विधि**

यस संस्थाको सदस्यता प्राप्त गरेको सबै प्रकारको सदस्यहरु भएको एउटा सधारणसभा हुनेछ ।

**४.२ साधारण सभाको अधिवेशन**

क) वर्षको एक पटक साधारणसभाका सदस्यहरुको उपस्थितिमा वार्षिक सधारणसभाको रुपमा यस संस्थाको अधिवेशन हुनेछ ।

ख) आवश्यक परेमा प्रबन्ध समितिले तोके बमोजिम अन्य समयमा पनि सधारणसभाको भेला गर्न सक्नेछ ।

ग) साधारणसभाको गणपुरक संख्या जम्मा सदस्यहरुको ५०% भन्दा बढी हुनुपर्नेछ ।

घ) पहिलो पटक बोलाइएको बैठकमा गणपूरक संख्या पुग्न नसकी दोस्रो पटक बैठक बोलाइएमा गणपूरक सँख्या आवश्यक मानिने छैन ।

ङ) साधारणसभा सबैभन्दा अधिकार सम्पन्न सभा हुनेछ ।

**४.३ साधारण सभाको काम, कर्तव्य र अधिकार**

क) साधारणसभाले बढीमा ११ जना सम्मको प्रबन्ध समितिको गठन गर्ने छ ।

ख) प्रबन्ध समितिले साधारणसभाको सल्लाह सुझाव प्राप्त गर्नु पर्ने आवश्यकता ठानेमा जुनसुकै विषयमा यथोचित सल्लाह लिनेछ ।

ग) लेखा परीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमीक तोक्ने ।

घ) संस्थाको गत वर्षको हिसाब बिबरण र तत् सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने ।

ङ) आवश्यकता अनुसार सल्लाहारकारहरुको चयन गर्ने ।

**४.४ प्रबन्ध समितिको गठन विधि**

क) प्रबन्ध समितिमा देहाय बमोजिम पदाधिकारी र सदस्यहरु रहनेछन् :

अ) अध्यक्ष - १ जना
आ) सचिव – १ जना
इ) कोषाध्यक्ष - १ जना
ई) सदस्यहरु - आवश्यकता अनुसार

ख) माथि खण्ड क बमोजिमको पदाधिकारीहरुको छनौट गर्दा साधरणसभाले ११ जना सम्म सदस्यहरुको छनौट गर्नेछ र ती सदस्यहरुले आफूमध्येबाट प्रबन्ध समितिको पदाधिकारीको छनौट गर्नेछन् ।

ग) खण्ड क अनुसार गठित गठित समितिको अध्यक्ष पदमा लगातार दुई (२) कार्यकाल भन्दा बढि अध्यक्ष पदमा एउटै व्यक्ति रहन पाउने छैन ।

घ) माथि खण्ड क अनुसार गठित प्रबन्ध समितिमा कम्तिमा ३३% महिला सदस्य रहने छ ।

**४.५ प्रबन्ध समितिको बैठक**

क) प्रबन्ध समितिको बैठक आवश्यकता हेरी बस्न सक्नेछ । ५०% भन्दा बढीको उपस्थितिलाई गणपूरक संख्या मानिने छ । तर पहिलो बैठकमा गणपूरक संख्याको अभाव भएमा पुन : दोस्रो बैठकको लागि सो उपस्थिति अनिवार्य मानिने छैन ।

ख) प्रबन्ध समितिको निर्णय उपस्थित संख्याको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

**४.६ प्रबन्ध समितिको काम, कर्तव्य र अधिकार**

यस विधान साधारणसभाले गर्नु पर्ने भनी तोकिदिएको काम कुरा बाहेक अरु गर्नुपर्ने देहाय बमोजिमका सबै काम, कर्तव्य र अधिकार प्रबन्ध समितिको हुनेछ ।

क) संस्थाको निमित्त चाहिने सहयोग उपलब्ध गराउने , संस्थाको कोषलाई बैंकमा सुरक्षित गर्ने, उक्त बैंकको खाता सञ्चालन गर्ने र केन्द्रमा रहेको रकम र केन्द्रको अरु सम्पतिको जिम्मा लिने ।

ख) संस्थाको आम्दानी तथा खर्चको हिसाब राख्ने । संस्थाको सम्पत्ति संरक्षण तथा रेखदेख गर्ने गराउने ।

ग) संस्थाको उद्देश्य अनुसार काम गर्न चाहिने सामाग्री तथा कर्मचारीहरुको व्यवस्था र आवश्यक खर्च गर्ने ।

घ) यस संस्थाले सहयोग गर्ने विषयमा संस्थाको उद्देश्यको अधिनमा रही घोषित नीति अनुरुप योजना र कार्यक्रम तथा आय व्यय विवरण तयार गर्ने ।

ङ) संस्थाको उद्देश्य कार्यान्वय गर्ने क्षेत्र तोक्ने ।

च) संस्थाको दर्ता ऐन २०३४ र यस विधानको अधिनमा रही केन्द्रको उद्देश्य पूरा गर्नको निमित्त आईपर्ने सबै प्रकारका काम कारवाही गर्ने गराउने ।

छ) यस विधान बमोजिम साधारण सभाको निमित्त लेखापरीक्षकले प्रमाणित गरेको हिसाबको विवरण तयार गरी सधारणसभामा पेश गर्ने ।

ज) कामहरु सुचारु रुपले संचालन गर्न आवश्यकता अनुसार समिति र उपसमितिहरु गठन गर्ने ।

झ) यस विधानको अधिनमा रही काम गर्न नियम विनियम बनाउने ।

ञ) प्रबन्ध समितिले वर्ष भरमा संस्थाले गरेको कामको प्रगति विवरण तयार गरी साधारण सभामा पेश गर्ने ।

ट) संस्थाको सल्लाहकार फेरबदल तथा थपघट गर्ने र सो को अनुमोदन साधरणसभाबाट गराउने ।

## परिच्छेद ५

**५.१ पदाधिकारीहरु तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

यस संस्थाका पदाधिकारी तथा सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्ष

प्रबन्ध समिति तथा साधारणसभाको बैठक बोलाउन लगाउनु , बैठकको अध्यक्षता गर्नु र संस्थाको सम्पूर्ण कृयाकलापहरुको कार्यन्वयनको रेखदेख गर्नु । बैठकमा मत बराबर भएमा निर्णायक मत दिनेछ ।

ख) सचिव

अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउनु, बैठकको निर्णयहरु कार्यान्वयन गर्नु गराउनु, संस्थाको सम्पूर्ण कागजात तथा छाप जिम्मा लिनु र संस्थाको तर्फबाट गर्नु पर्ने सबै लेखापढी गर्नु । प्रबन्ध समितिको बैठक विवरण पुस्तिका जिम्मा लिनु ।

ग) कोषाध्यक्ष

संस्थाको नगद जिन्सी जिम्मा लिने , कोषको हिसाब किताब दुरुस्त राख्ने , आय -व्यय बजेट तयार गर्ने तथा हर हिसाव अद्यावधिक बनाई लेखा परिक्षण गराउने ।

घ) सदस्य

प्रबन्ध समितिका सम्पूर्ण सदस्यहरु प्रबन्ध समितिको बैठकमा भाग लिई संस्थाको नीति र उद्देश्य अनुरुप कार्यक्रमहरु आगाडी बढाउने , काममा आवश्यक सुझाव दिनु, प्रबन्ध समितिले तोकिदिएको

अन्य काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गराउने वा अध्यक्षको निर्देशन अनुसार संस्थाको हित हुने कार्यहरु गर्नु गराउनु ।

ङ) सल्लाहकारहरु

संस्थाको नीति र उद्देश्य अनुरुप कार्यक्रम अगाडी बढाउने काममा आवश्यक सल्लाह र सुझाव दिने ।

च) संरक्षक

संस्थाको सम्पूर्ण क्रियाकलापको रखदेख गर्नु, संस्थालाई उचित मार्गमा लैजान प्रवन्ध समिति र सधारणसभालाई आवश्यक सहयोग, सुझाव र सल्लाह दिनु एवं संस्थालाई संरक्षण गर्नु ।

## परिच्छेद - ६

**६.१ आर्थिक श्रोत**

समाज विकास केन्द्रका निम्नानुसारका आर्थिक श्रोतहरु हुनेछन् :

क) यस संस्थाका सदस्यहरुको आफैले जम्मा गरेको रकम ।

ख) खण्ड "क" को अतिरिक्त अन्य दाताबाट आफ्नो वा आफन्तको नाममा यस संस्था अर्न्तगत रहने गरी खडा गरेको कोष ।

ग) नेपाल सरकार र राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संस्थाहरुबाट यस संस्थाको उद्देश्य अनुरुप आयमूलक, कार्यमूलक, अनुसन्धान वा अध्ययन, तालिम, गोष्ठी आदि सञ्चालन गर्न प्राप्त सहयोग रकम ।

घ) यस संस्थाले कुनै सेवा गरे वापत प्राप्त रकम ।

ङ) यस विधान बमोजिम प्राप्त हुने अन्य रकमहरु ।

विदेशी सहायता लिंदा नेपाल सरकारको सहमति लिई प्राप्त गरिने छ ।

**६.२ चल अचल सम्पति विवरण**

विधानको दफा ६.१ बमोजिम प्राप्त रकम र संस्थाको नाममा रहेको अन्य चल अचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन एवं सञ्चालन व्यवस्था संस्थाले बनाएको नियम बमोजिम हुनेछ । त्यसको विवरण दुरुस्त राखिनेछ ।

**६.३ कोष**

विधानको धारा ६.१ बमोजिम प्राप्त रकम यस संस्थाको कोष हुनेछ । प्रबन्ध समितिको निर्णय र सो समितिले बनाएको नियम विनियम अनुसार संस्थाको कोषको सञ्चालन तथा प्रयोग हुनेछ । दैनिक प्रशासन सञ्चालनको लागि खर्च गरिने कोष प्रवन्ध समितिले तोकि दिए बमोजिम हुनेछ ।

६.४ **लेखा परीक्षण तथा आर्थिक वर्ष**

क) लेखा परीक्षणको लागि श्रावण महिनाको एक गते देखि आषाढ महिनाको मसान्त सम्मको अवधिलाई लिईनेछ। यहि अवधिलाई एक आर्थिक वर्ष मानिनेछ।

ख) लेखापरीक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी, समाज कल्याण परिषद र सम्बन्धित अन्य निकायमा पेश गरिनेछ।

ग) प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा विगत वर्षमा भएगरेका गतिविधिहरु तथा आम्दानि खर्चको विवरण समेत भएको एक वार्षिक प्रतिवेदन तयार पारी प्रकाशित गरिनेछ।

## परिच्छेद - ७
## विविध

७.१ **निर्वाचन सम्बन्धि व्यवस्था**

यस संस्थाको प्रबन्ध समितिका पदाधिकारी तथा सदस्यहरुको छनौट र निर्वाचन गर्दा प्रत्येक तीन वर्ष पूरा गरी चौथो वर्ष प्रवेश गर्ने आषाढ मसान्त भित्र गरिनेछ र श्रावण १ देखि नयाँ समितिले कार्य सञ्चालन गर्नु पर्नेछ। निर्वाचन गर्ने गराउने काम प्रवन्ध समितिले तोकिदिए बमोजिमको निर्वाचन अधिकृतले गर्नेछ। प्रथम पटकको लागि संस्था दर्ता भएको ३ महिना भित्र पहिलो निर्वाचन गराई सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ।

७.२ **उम्मेदवारको लागि अयोग्यता**

यस विधानको दफा ३.४ बमोजिम अयोग्य भएको बाहेक वार्षिक शुल्क नबुझाएको तथा साधारण सभामा उपस्थित नभएको व्यक्ति प्रवन्ध समितिको उम्मेद्वारको लागि अयोग्य हुनेछ।

७.३ **अविश्वासको प्रस्ताव**

प्रवन्ध समितिको कुनै पदाधिकारीले यस विधान तथा संस्थाको उद्देश्य विपरीत कार्य गरी हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेको प्रमाणित भएमा साधारणसभाको एक तिहाई सदस्यहरुले लिखित निवेदन प्रवन्ध समितिमा दर्ता गर्न सक्नेछन् र सो प्रस्ताव साधारणसभाको उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतबाट पारित भएमा त्यस्तो सदस्यहरुलाई हटाउन सकिनेछ।

७.४ **विधान संशोधन**

यो विधान संशोधन गर्न संशोधन प्रस्ताव साधरणसभामा पेश गर्नु पर्नेछ र सो सभाको सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गर्नु पर्नेछ। यदि संशोधन भएमा सो को सुचना एक महिना भित्र स्थानीय अधिकारीलाई दिनुपर्नेछ। स्थानीय अधिकारीको स्वीकृति लिई संशोधित विधान लागु गरिनेछ।

७.५ **नियम विनियम बनाउने**

प्रबन्ध समितिले यो विधान र प्रचालित कानुनको अधिनमा रही दैनिक कार्यसञ्चालन गर्न नियम विनियमहरु बनाउन सक्नेछन।

७.६ **संस्थाको विघटन**

विधान अनुसार संस्था सञ्चालन हुन नसके वा अन्य कुनै कारणवस संस्था विघटन हुन गएमा त्यसको सम्पूर्ण चल अचल सम्पति नेपाल सरकारमा सर्ने छ।

७.७ **निष्कयता**

यस विधानमा लेखिएका कुनै दफा, उपदफा र खण्डहरु प्रचलित कानुनसँग बाझिएमा ती दफा, उपदफा र खण्डहरु बाझिएको दहसम्म स्वत : निष्क्रिय हुनेछन्।

अनुसूचि - १

## संस्थापक सदस्यहरुको विवरण

१) अध्यक्ष :- पर्शुराम दाहाल
२) सचिव :- किरण कुमार शाक्य
३) कोषाध्यक्ष :- यदुमणि निरौला
४) सदस्य :- भोला राउत
५) सदस्य :- खड्ग बहादुर राई
६) सदस्य :- टिकाराम गुरुङ
७) सदस्य :- प्रकाश राई

## अनुसूचि २

परिच्छेद १ को दफा १.४ सँग सम्बन्धित ।

अनुसूची ३

**समाज विकास केन्द्र संखुवासभाको मिति २०६०/७/१ मा संपन्न तेश्रो साधारणसभाबाट निर्वाचित पदाधिकारीहरुको नामावली**

| | |
|---|---|
| १) अध्यक्ष :- | पर्शुराम दाहाल |
| २) सचिव :- | किरण कुमार शाक्य |
| ३) कोषाध्यक्ष :- | यदुमणी निरौला |
| ४) सदस्य :- | गंगा विष्ट |
| ५) सदस्य :- | खड्ग बहादुर राई |
| ६) सदस्य :- | टिकाराम गुरुङ्ग |
| ७) सदस्य :- | प्रकाश राई |
| ८) सदस्य :- | मेनुका श्रेष्ठ |
| ९) सदस्य :- | सीता राई |

अनुसूची ४

समाज विकास केन्द्र, संखुवासभाको मिति २०६३/०९/२४ मा संपन्न छैटौं साधारणसभा र तेस्रो महाअधिवेसनबाट निर्वाचित पदाधिकारीहरुको नामावली

| | |
|---|---|
| १) अध्यक्ष :- | टीकाराम गुरुङ |
| २) सचिव :- | किरण कुमार शाक्य |
| ३) कोषाध्यक्ष :- | यदुमणी निरौला |
| ४) सदस्य :- | गंगा विष्ट |
| ५) सदस्य :- | खड्ग बहादुर राई |
| ६) सदस्य :- | मेनुका श्रेष्ठ |
| ७) सदस्य :- | सीता राई |
| ८) सदस्य :- | कमानसिं राई |
| ९) सदस्य :- | शर्मिला महते |

## समाज विकास केन्द्रको तेस्रो साधरणसभाले "समाज विकास केन्द्रको विधान २०५७" मा गरेको संसोधन, थप र खारेजीका दफा तथा उपदफाहरु

| दफा नं. | साविकमा भएको | दफा नं. | संसोधन गरिएको |
|---|---|---|---|
| २.१.क. | समाजमा पिछडिएका वर्गहरुको प्रतिभा र सुक्ष्म क्षमताको पहिचान गरी त्यसको प्रस्फुटन, विकास र प्रवर्द्धन गर्ने र ग्रामिणत तथा शहरी इलाकामा बसोवास गर्ने विपन्न समुदायमा पुगी आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि काम गर्ने । त्यस्ता वर्गलाई आफ्नै परिश्रम, सीप, प्रयास र आत्मविश्वासबाट आत्मनिर्भर रहनको लागि उत्प्रेरित गर्ने । | २.१.क. | ग्रामिण गरीब जनताहरुको आर्थिक संभावनाहरुको पहिचान गर्ने र त्यसको दीर्घ उपयोग गर्ने योजना बनाउन सहयोग गर्नु । |
| २.१.ख. | मुलुक भरीका गाँऊ बस्तिहरुमा पुगी स्थानीय तहमा नै बचत गर्न उत्प्रेरित गर्ने साथै फजुल खर्च घटाउने र सीप विकास एवं मानवीय विकास गरी आत्मनिर्भरता तर्फ अग्रसर गराई श्रृजनशील समाजको निर्माणमा प्रयत्नशील रहने । | २.१.ख. | आर्थिक विकासका कार्यहरुलाई टेवा पुऱ्याउन आवश्यक पर्ने भौतिक तथा संस्थागत पूर्वाधारहरु निर्माण गर्नु । |
| २.१.ग. | नेपालमा विकास तथा सेवामुलक कार्यमा संलग्न रहेका नेपाल सरकार, वित्तिय संघ संस्थाहरु, वाणिज्य संघ संस्थाहरु, व्यक्तिहरु तथा विदेशी संघसंस्थाहरुले संचालन गरेका वा तिनीहरुको सहयोगमा संचालित कार्यक्रमहरुमा सम्मिलित भई त्यस्ता कार्यहरुलाई पिछडिएका समूदायहरु बीच पुऱ्याउने । | २.१.ग. | समुदायमा आधारित संगठनहरुको निर्माण र शशक्तिकरण गर्नु जसबाट उनीहरुले उनीहरुको अधिकार, विकासका श्रोत र अवसरहरुलाई लिन र उपयोग गर्न सक्षम बनाउनु । |
| २.१.घ. | मुलुक भित्रबाट नै ग्रामिण तथा दुर्गम क्षेत्रमा पुगी काम गर्नसक्ने दक्ष, इमान्दार कार्यकर्ताहरु तयार गर्नु । यस्ता सीप र भावनालेयूक्त कार्यकर्ताहरुको माध्यमबाट देशका युवायुवतीहरुलाई सबै क्षेत्रको विकास निर्माण कार्यमा संलग्न गराउन सहयोग पुऱ्याउनु । | २.१.घ. | विकाससँग सम्वद्ध संघ-संस्थाहरु बीच समन्वय र सम्बन्ध निर्माण गरी परिचालन गर्नु । |
| २.१. ङ. | ग्रामिण तथा शहरी इलाकामा आधारभुत सेवाहरु, आयमुलक कार्यहरु, सार्वजनिक निर्माणका कार्यहरु, शिक्षा, स्वास्थ्य, वन आदी क्षेत्रमा टेवा पुऱ्याउने तथा समग्रमा मुलुकको विकासका लागि प्रत्यक्षरुपमा संलग्न रहेर राष्ट्रिय विकासमा योगदान पुऱ्याउने । | २.१.ङ. | गरिब र पिछडिएको जनताहरुको स्वास्थ्य र शिक्षाको स्तर उकास्न आवश्यक सहयोग गर्नु । |
| २.१.च. | दुर्गम बस्ति, ग्रामिण इलाका र शहरी विपन्न वर्गहरुबीच काम गर्दा ज्ञान, सीप तथा अनुभवहरुको संस्थागतरुपमा विकास गरी मुलुक बाहिर सेवा पुऱ्याउने । नेपाले सरकार तथा विभिन्न संघ-संस्थाहरु र अन्य निकायहरुमा समेत यस संस्थाले प्राप्त गरेको | २.१.च | समुदायलाई वन व्यवस्थापन र यसको दिगो उपयोगकोलागी सिहयोग गर्नु । |

| दफा नं. | साविकमा भएको | दफा नं. | संसोधन गरिएको |
|---|---|---|---|
| | ज्ञान सीपको आदान प्रदान गर्ने । | | |
| २.१.छ. | महिला तथा पिछडिएको समाजमा पुगेर काम गर्न प्रयत्नरत रहने । सत्कार्य, इमान्दारिता, आत्मउन्नती जस्ता कार्यबाट समाज र सिङ्गो राष्ट्रको उन्नती हुनेछ भन्ने विश्वास समाजका सबै वर्गमा दिलाउने । युवा-युवतीहरुलाई दुव्यर्सन जस्ता विकृतबाट जोगाएर राष्ट्र निर्माण कार्यमा संलग्न गराउन प्रयत्नरत रहने । | २.१.छ. | पर्यटन प्रवर्द्धन गर्नु । |
| २.१.ज. | वातावरण विनासबाट नेपालले बेहोरेको समस्या र यसले भविष्यमा ल्याउने संकटका बारेमा गाँऊ गाँऊमा पुगी जनजागृति गराई यसको संरक्षण र सम्बर्धनमा सबै तहको समुदायलाई लाग्न उत्प्रेरित गर्ने । | २.१.ज. | शान्ति, मेलमिलाप, सामजिक विकास, मानव अधिकार, तथा वातावरण क्षेत्रमा काम गर्नु । |
| २.१.झ. | बेरोजगार युवाहरुलाई स्वरोजगार सम्बन्धि तालिम दिई स्वरोजगारितामा लाग्न प्रेरित गर्ने । | २.१.झ. | स्थानीय तहको मानवीय संसाधन विकासको लागी सहयोग गर्नु । |
| २.१.ञ. | उक्त माथिका उद्देश्यहरु प्राप्तिका लागि देश भित्रको दुर्गम, पहाडी तथा तराईका क्षेत्रहरुमा गाँऊ गाँऊमा स्थानीय जनताहरु रहेको समूहहरु गठन गर्ने, त्यसको माध्यमबाट माथि उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि संस्थाले मुलुक भित्रका युवाहरुलाई सामाजिक परिचालकको भुमिका निभाउन भावनात्मकरुपमा परिवर्तन गरी स्थानीय समुदायका मानिसहरुलाई बचत संकलन र फजुल खर्च रोकावटमा उत्प्रेरित गरी उत्पादकत्वमा वृद्धि ल्याउन लगानी गर्ने । | २.१.ञ. | विकासका सम्भावनाहरु पहिल्याउन अध्ययन अनुसंधान गर्नु । |
| २.१.ट. | त्यस्ता कार्यका लागि प्रदान वा प्राप्त गरिने आर्थिक तथा अन्य साधन सम्बन्धित क्षेत्रमा पुर्‍याई लक्षित वर्गलाई आफ्नो खुटामा उभिनको लागि प्रेरित गर्ने । | २.१.ट. | बाटो, पुल, सिंचाई, खानेपानी, लघु जलविद्युत जस्ता भौतिक पुर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्नु । |
| २.१.ठ. | पूर्वाधार विकासका लागि आवश्यक प्राविधिक र परामर्स सेवा उपलब्ध गराउने । | २.१.ठ. | खारेज गरिएको । |
| २.१.ड. | जैविक विविधता र वातावरण सम्बन्धि अध्ययन अनुसन्धानको परामर्स सेवा उपलब्ध गराउने । | २.१.ड. | खारेज गरिएको । |
| २.१.ढ | यस संस्थाको मेरुदण्डकोरुपमा ग्रामिण इलाकामा काम गर्ने कार्यकर्ताहरु रहनेछन् । | २.१.ढ | खारेज गरिएको । |
| ३.२.क. | साधारण सदस्य बन्नको लागी वार्षिक रु २०१ र आजिवन सदस्य बन्नको लागी एकमुष्ट रु.२००१।- शुलक बुझाउनु पर्नेछ । सदस्य | ३.२.क. | साधारण सदस्यता प्राप्त गर्न रु २०१ र निवेदन पेश गर्नु पर्नेछ र प्रत्येक बर्ष रु. १०१।- शुल्क बुझाई सदस्यता |

| दफा नं. | साबिकमा भएको | दफा नं. | संसोधन गरिएको |
|---|---|---|---|
| | शुल्क साभारण सभाले समय हेरी थपघट गर्न सक्नेछ । | | नविकरण गर्नु पर्नेछ, र आजिवन सदस्य बन्नको लागी एकमुष्ट रु.२००१।- शुल्क बुझाउनु पर्नेछ । सदस्य शुल्क साभारणसभाले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ । |
| ३.२.ग. | साधारण र आजिवन सदस्यको लागी विधानको धारा ३.३.(घ) र (ङ) बमोजिम सदस्य हुन चाहानेलाई प्रवन्धसमितिले सदस्यता प्रदान गर्न सक्नेछ,। | ३.२.ग. | विधानको धारा ३.३. बमोजिम योग्य व्यक्तिलाई प्रवन्ध समितिले सदस्यता प्रदान गर्न सक्नेछ । |
| ३.३.घ. | यस सस्थाको उद्देश्य अनुसर ग्रामीण ईलाकामा बसी काम गर्न सक्ने तथा यस सस्था प्रति श्रदा र निष्ठा राखी यो विधानलाई स्वीकार गर्नुपर्नेछ । | ३.३.घ. | यस संस्थाको उद्देश्य प्राप्तको लागी कटिवद्ध एवं सहयोगी हुनु पर्नेछ । |
| ३.५.ङ. | (कुनै व्यवस्था नभएको) | ३.५.ङ. | प्रत्येक वर्ष साधारण सदस्यता नविकरण नगरेमा । (थप गरिएको) |
| ६.१.घ. | यस सस्थाले विपन्नता उन्मुलन सम्बन्धि काममा परामर्श सेवा वापत प्राप्त गर्न सक्ने रकम । | ६.१.घ. | संस्थाले कुनै सेवा गरे वापत प्राप्त रकम । |
| ४.३.ङ. | एक जना संरक्षक र तिन जना सम्म सल्लाहकारहरको चयन गर्ने । | ४.३.ङ. | आवश्यकता अनुसार सल्लाहकार चयन गर्ने । |
| ४.६.ट. | (कुनै व्यवस्था नभएको) | ४.६.ट. | संस्थाको सल्लाहकार फेरबदल तथा थपघट गर्ने र सो को अनुमोदन साधारण सभाबाट गराउने । (थप गरिएको) । |
| ४.४ ग | (कुनै व्यवस्था नभएको) | ४.४ ग | खण्ड क अनुसार गठित गठित समितिको अध्यक्ष पदमा लगातार दुई (२) कार्यकाल भन्दा बढि अध्यक्ष पदमा एउटै व्यक्ति रहन पाउने छैन । (थप गरिएको) |
| ४.४ घ | (कुनै व्यवस्था नभएको) | ४.४ घ | माथि खण्ड क अनुसार गठित प्रवन्ध समितिमा कम्तिमा ३३% महिला सदस्य रहने छ ।(थप गरिएको) |